

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २४ ❑ अङ्क ९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ५ गते मंगलबार ❑ 18 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५


## पोखरामा अझै केही दिन पानीको अभाव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

पोखरामा अझै केही दिन खानेपानीको समस्या हुने भएको छ । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले हाल पोखरामा खानेपानी सुधार आयोजनाको काम गर्ने क्रममा नयाँ प्रविधि जडान गर्न लागेकोले गर्दा अझै केही दिनदेखि पोखरामा पानीको समस्या हुने भएको नेपाल खानेपानी संस्थान पोखराका कार्यालय प्रमुख आशिस कार्कीले बताए ।

गण्डकी प्रदेशको राजधानी पोखरामा केही दिनदेखि पानीको समस्या भएसंगै वोरिङको पानीको माग अत्याधिक भएको छ । हिजोआज धाराबाट नियमति पानी नआए पछि त्यसको विकल्पमा वोरिङको पानीको अत्याधिक माग भएको पोखरेलीले गुनासो गरेका हुन । वोरिङको पानी माग गरे पनि भोलि पल्ट मात्र पालो आउने गरी पानीको अत्याधिक माग भएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताए । जापान अन्तर ाष्ट्रिय सहयोग नियोग (जाइका) ले हाल पोखरामा खानेपानी सुधार आयोजनाको काम गर्ने क्रममा नयाँ प्रविधि जडान गर्न लागेकोले गर्दा केही दिनदेखि पोखरामा पानीको समस्या भएको प्रमुख कार्कीले बताए । पोखरामा शुद्ध पिउने पानी वितरण गर्ने अभियान अर्न्तगत उक्त परियोजनाको केही काम गर्ने क्रममा ग्रिप च्याम्बर( धमिलो पानी नआउने प्रविधि जडान) गरेको हुनाले धाराको पाइपमा हावा भरीएकोले गर्दा केही दिन पानी आउन समस्या हुने उनको भनाई छ । करिब एक सातादेखि पोखराका विभिन्न क्षेत्रमा वितरण भएको पानीको पाइपहरुमा अब सकभर धमिलो पानी नजाओस भन्दै नयाँ प्रविधि निर्माण भएकोले त्यसको प्रयोग गर्दा केही दिन अझै समस्या हुने उनको भनाई छ । वर्षादको समयमा हिलो र पात पतिंगर समेत धाराबाट आउने हुँदा अब नयाँ प्रविधि पानी सकभर कम हिलो र धमिलो आउने गरी नयाँ पानी छान्ने प्रविधि अपनाइएको प्रमुख कार्कीले जनाए । यही वैशाख ११ गतेसम्म सबै पुराना धारा जडान भएका च्याम्बरहरुमा नयाँ प्रविधि जडान हुने तयारी भएको उनले बताए । अझै पोखरामा एक साता जसो पानीको नियमित वितरणमा केही समस्या हुने भएको प्रमुख कार्कीले जनाए । पोखराका केही ठाँउमा उक्त प्रविधि जडान भएकोले केही दिन पनि नियमित पानी वितरण हुन सुरु भएको उनले जनाए ।

यसैबिच, होटल संघ पोखरा नेपालले पर्यटकीय क्षेत्र बैदाममा खानेपानीको अभाव सुल्झाउन नेपाल खानेपानी संस्थानसँग आग्रह गरेको छ । संघका अध्यक्ष लक्ष्मण सुवेदीको नेतृत्वमा हालै संस्थानको पोखरा कार्यालयमा पुगेको व्यवसायीको टोलीले त्यस्तो आग्रह गरेको हो । धारामा पानी नआउने र आएपनि नियमित नआउने गरेको विषय अवगत गराउन व्यवसायी संस्थानमा पुगेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । खानेपानी समस्याले समग्र बैदामवासी पीडित भएको भन्दै अध्यक्ष सुवेदीले पानीको समस्या समाधानका लागि गंभीर बन्न संस्थानसँग माग गरिएको बताए । पर्यटकीय सिजन चल्दै गर्दा बैदाम क्षेत्रमा खानेपानी अभाव भए पछि व्यवसाय नै प्रभावित भएको गुनासो संघको रहेको छ । अन्य अवस्थामा समेत खानेपानी आधारभूत र अत्यावश्यक वस्तु भएको स्मरण गराउँदै संघले पानी आपूर्ति नियमित र सुचारु गर्न संस्थानसँग माग गरेको हो । सामान्य नागरिक र व्यवसायी सबैका लागि खानेपानी उत्तिकै आबश्यकता र महत्वको वस्तु भएको जनाउँदै संघले विल नियमित तिर्नुपर्ने तर धारामा पानी नआउँदा उपभोक्ता पीडित बन्नु परेको जनाएको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को पाँच अर्ब रुपैयाँ अनुदान सहयोगमा पोखरा खानेपानी सुधार आयोजनाको काम विसं २०७६ देखि सुरु गरिए पनि आयोजनाले अझै पूर्णता पाउन सकेको छैन । विसं. २०७६ जेठमा आयोजनाको शिलान्यास गरेर तीन वर्षभित्रमा सम्पन्न गर्ने योजना सहित काम अघि बढे पनि कोभिड १९ का कारण काम प्रभावित हुन पुगेको थियो ।

## बालिका तथा किशोरी अधिकार संरक्षणमा प्रदेश सरकार प्रतिबद्ध : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

किशोरीहरुको सशक्तिकरण र विकासको लागि गण्डकी प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री खगराज अधिकारीले बताउनुभएको छ ।

प्रदेशको कान्छो जिल्ला नवलपुरबाट ध्यानाकर्षण पत्र हस्तान्तरण गर्न पोखरा आएका किशोरीहरुसँग मुख्यमन्त्री कार्यालयमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा सोमबार अधिकारीले सो धारणा व्यक्त गरेका हुन ।

नवलपुरमा जागृति बाल तथा युवा सरोकार नेपालले क्यान्नालन स्विजरल्याण्डसँगको साझेदारीमा सञ्चालित किशोरी सशक्तिकरण कार्यक्रमका ३५ जना किशोरीहरुले आफुहरुले काम गर्दा आएका विभिन्न विषयहरुलाई ध्यानाकर्षण गराउनको लागि पोखरा आएका हुन् । किशोरीहरुले मुख्यमन्त्रीलाई प्रदेश सरकारले बालिकाहरुको लागि गरिदिनुपर्ने कामहरुको बारेमा २५ बुँदे ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका हुन् । ध्यानाकर्षण पत्रमा विशेषगरी बालिकाहरुको लागि आवश्यक





पर्ने विभिन्न विषयहरुको बारेमा स्वयम् किशोरीहरुले नै तयार गरेर हस्तान्तरण गरिएको किशोरी अभियन्ता सवनम सुनारले बताउनुभयो । ध्यानाकर्षण पत्रमा बालमैत्री,किशोरीमैत्री,अपाङ्गतामैत्री पूर्वाधारहरु र संरचनाहरुको निर्माण गरिनुपने, प्रदेश तहमा बन्ने हरेक समितिहरुमा बालिकाको मुद्दा हेर्ने विशेष उपसमिति बनाउनुपर्ने, विद्यालयहरुमा सेनिटरी प्याडको गुणस्तर र विसर्जन जस्ता विषयहरु समावेश गरिएको किशोरी अभियन्ता एवम जिल्ला बालक्लव सञ्जाल नवलपुरकी सचिव आशिका पोखेलले जानकारी दिनुभयो । बालिकाहरुको भ्रुणबाट नै असुरक्षित रहने र जन्मेपछी पनि विभिन्न बहानामा हिंसा, दुर्व्यवहार र शोषणमा पर्ने भएकोले यस्ता समस्या समाधानको लागि प्रदेश सरकारले नीतिगत व्यवस्था गर्दै स्थानीय तहसम्म कार्यान्वयनमा बालिकाहरुले जोड दिएका छन् ।

ध्यानाकर्षण पत्र बुझ्दै मुख्यमन्त्री खगराज अधिकारीले सबैभन्दा पहिले बालिकाहरुले स्वयम् आफुलाई नै विश्वास गर्नुपर्ने बताउनुभयो । वर्तमान समयका किशोरकिशोरीहरु नै भविष्य भएकोले प्रदेश सरकारले यिनैबालबालिकाहरुकिशोरकिशोरीहरुको लागि नीतिगत व्यवस्थाहरु सुरु गरेको, पाठ्यक्रमबाट नै आत्म सुरक्षा र देशलाई माया गर्नुपर्दछ भन्ने भावना जागृत गराउने अभियानहरु समेत सुरु गर्न लागेको बताउनुभयो ।

साथै मुख्यमन्त्री अधिकारीले देश निर्माणको लागि र सामाजिक न्यायको लागि अहिलेका किशोरकिशोरीहरुले देशमा नै बसेर कामहरु गर्नुपर्ने र रचनात्मक हुन समेत सुझाव दिनुभयो । साथै किशोरीहरुले प्रस्तुत गरेका मागहरुलाई आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने गरी योजना निर्माण गर्ने समेत प्रतिबद्धता जाहेर गर्नुभयो ।

हस्तान्तरण समारोहमा बोल्दै गण्डकी प्रदेश सभा सदस्य पद्मा जिसीले किशोरीहरुका मागहरु र सवालहरु वर्तमान समयमा समय सापेक्ष रहेकोले प्रदेश संसद भित्र र बाहिर निरन्तर खबरदारी र वकालत गरेर समस्याहरुको समाधान गर्ने र नीतिगत व्यवस्थाहरुको निर्माणमा लाग्ने प्रतिबद्धता समेत जाहेर गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण संस्थाका अध्यक्ष तिलोत्तम पौडेलले गर्नुभएको थियो भने किशोरी अभियन्ताहरु रेजिना घर्तीमगर र मान्सु न्यौपानेले समेत कार्यक्रममा स्थानीय तहमा रहेका किशोरीका सवालाहरुलाई प्रस्तुत गरेका थिए ।

## गण्डकी प्रदेशका प्रमुखसमक्ष महालेखा परीक्षकको प्रतिवेदन पेश

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङसमक्ष महालेखा परीक्षकको पाँचौं वार्षिक प्रतिवेदन सोमबार पेश गरिएको छ ।

प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा महालेखा परीक्षक कार्यालयका उपमहालेखा परीक्षक राममाया कुँवरले आव २०७८/०७९ को वार्षिक प्रतिवेदन पेश गर्नुभएको हो । नेपालको संविधानको धारा २९४ को उपधारा ३ मा प्रदेशको काम कारबाहीका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ । प्रदेश प्रमुखसमक्ष पेश गरिएको प्रतिवेदन लेखा परीक्षण ऐन, २०७५ को दफा १९ को उपदफा ५ बमोजिम मुख्यमन्त्रीमार्फत प्रदेशसभामा पेश हुनेछ । गण्डकी प्रदेश सरकारअन्तर्गत सबै सरकारी कार्यालय, समिति तथा संस्था र स्थानीय तहको आव २०७८/०७९ को लेखा परीक्षण सम्पन्न गरी प्रदेश प्रमुखसमक्ष प्रतिवेदन पेश गरिएको उपमहालेखा परीक्षक कुँवरले जानकारी दिनुभयो । वार्षिक लेखा परीक्षण योजना, कार्यालयगत लेखा परीक्षण योजना तर्जुमा गरी कार्यालयकोकारोबारकोप्रकृतिअनुसार उच्च र न्यून जोखिममा वर्गीकरण गरी विद्युतीय प्रणालीमार्फत लेखा परीक्षण गरिएको जनाइएको छ । महालेखा परीक्षकको कार्यालयका अनुसार आव २०७८/०७९ मा गण्डकी प्रदेश मातहतका एक सय ७३ सरकारी निकायको रु ३७ अर्ब चार करोड ५१ लाख पाँच हजार र १४ समिति तथा अन्य संस्थाको रु दुई अर्ब ८६ करोड ४१ लख ८१ हजार गरी कूल ३९ अर्ब ९० करोड ९२ लाख ८६ हजारको लेखा परीक्षण सम्पन्न गरिएको छ । लेखा परीक्षणका क्रममा सरकारी कार्यालय, समिति तथा संस्थातर्फ गरी रु ४९ करोड ३५ लाख ५७ हजार बेरुजु भेटिएको छ । प्रदेश सरकारअन्तर्गत सञ्चालित ४२ प्रतिशत आयोजनाको भौतिक प्रतिवेदन ९० प्रतिशत, १३ प्रतिशत आयोजनाको भौतिक प्रगति ४० प्रतिशतभन्दा कम र १३ प्रतिशत आयोजना सुरु नै हुन नसकेको प्रतिवेदनले औँल्याएको छ ।

## अवसरवादीबाट सचेत रहनुपर्छ : नेता कोइराला

**पोखरापत्र संवाददाता**
दमौली, ४ बैशाख

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले अवसरवादी चरित्रका कारण पार्टी कमजोर हुने भएकाले सचेत रहनुपर्ने बताउनुभएको छ । तनहुँको भानु नगरपीलका-२ नारेश्वरटारमा सोमबार आयोजित तरुण युवाको भेलालाई सम्बोधन गर्दै नेता कोइरालाले अवसरवादीले मौका पाउँदा पार्टी कमजोर हुने उल्लेख गर्नुभयो ।

"पार्टीमा व्यक्तिवादी चरित्र हावी हुँदा अवसरवादीले मौका पाइरहेका हुन्छन्, अवसरवादीले मौका पाउँदा पार्टी कमजोर हुन्छ, म त त्यस्ता व्यक्तिबाट सावधान भइसके", नेता कोइरालाले भन्नुभयो, "तनहुँ क्षेत्र नम्बर १ का आम नागरिकलाई पनि अवसरवादीबाट सचेत रहन आग्रह गर्दछु ।" तनहुँ-१ को प्रतिनिधिसभा सदस्य उम्मेदवार गोविन्द भट्टराईले पदमा नहुँदा विकासमा उल्लेख्य काम गरेको नेता कोइरालाले जिकिर गर्नुभयो । उहाँले कांग्रेसको नेतृत्वमा यो क्षेत्रको विकास हुने भएकाले ढुक्क हुन आम मतदातासँग आग्रह गर्नुभयो । नेपाली कांग्रेस एकठाउँमा उभिनुपर्ने अवस्था आएको भन्दै नेता कोइरालाले भन्नुभयो, "नेपाली कांग्रेसभित्र मन दुःखेका साथीलाई भन्न चाहन्छु, कांग्रेसको नेतृत्व अब हामीको बीचमा आउँदैछ । अब कुनै किसिमको द्विविधा नराख्नुहोस्, केही कमजोरी भएका छन्, ती कमजोरीलाई थाँती राख्दै निर्वाचन पश्चात् सुल्झाउने प्रयास हुन्छ ।"

## पहिलो पटक बस आउँदा अविर जात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

व्यास नगरपालिका-११ घाँसीकुवादेखि भानु नगरपालिका-७ चन्द्रावती जोड्ने बागेश्वरी मोटरमार्गमा सोमबार पहिलो पटक बस पुगेपछि स्थानीयले खुसियालीमा अविर जात्रा गरेका छन् ।

विसं २०४८ मा सुरु गरिएको उक्त मोटर मार्गमा पहिलो पटक ना ६ ख ४१३६ नम्बरको बस लगिएपछि बस चालक किशोर गुरुङ, बागेश्वरी मोटर मार्गका संस्थापक अध्यक्ष हरिबहादुर खड्का, मोटरमार्गका अध्यक्ष विवेक भट्टराई लगायतलाई स्थानीयले अविर जात्रासहित स्वागत गरेका हुन् । यस मार्गमा सवारी साधन सञ्चालन नहुँदा दमौली आउन घण्टौं पैदल हिंड्नुपर्ने अवस्था रहेको भानु नगरपालिका-६ स्थित बागेश्वरी आमा समूहकी अध्यक्ष विन्दु वाग्लेले बताउनुभयो ।

"यस मोटरमार्गमा सवारी साधन नचल्दा हामीलाई बिरामी लिएर अस्पताल जान पनि समस्या थियो", वाग्लेले भन्नुभयो, "अब नियमित बस चल्ने भएपछि खुसियालीमा अविर जात्रासहित



बाँकी अन्तिम पृष्ठमा ▶▶


## अन्नपूर्ण हिमालमा आरोही बेपत्ता

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ बैशाख

म्याग्दीस्थित अन्नपूर्ण हिमाल आरोहणका क्रममा एक जना भारतीय आरोही बेपत्ता भएका छन् ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको दोस्रो आधार शिविर नजिकैबाट सोमबार दिउँसो ती आरोही बेपत्ता भएका हुन् । भारतको राजस्थानको किशनगढका ३४ वर्षीय अनुराग मालु बेपत्ता भएका सेभेट समिट ट्रेक्सका प्रबन्धक थानेश्वर गुरागाईंले बताउनुभयो । "आरोहण सफल नभएपछि आधार शिविरमा फर्कने क्रममा चिप्लिएर लडेर बेपत्ता भएको खबर आएको छ", उहाँले भन्नुभयो, "खोजी जारी राखे पनि भेटिएका छैनन् ।" मालु सेभेन समिट ट्रेक्समार्फत अन्नपूर्ण आरोहणका लागि जानुभएको थियो । मालु आठ हजार मिटरभन्दा अग्ला विश्वका १४ वटै हिमालको आरोहण लक्ष्यका साथ अन्नपूर्णको आरोहणका लागि आउनुभएको हो । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने अन्नपूर्ण हिमालमा शनिबारदेखि चालु वसन्त ऋतुको आरोहण शुरु भएको थियो ।

# अनलाइन पत्रकारिता तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

पोखरामा अनलाइन पत्रकारिता तालिम सम्पन्न भएको छ । अनलाइन पत्रकार संघ गण्डकीको आयोजनामा बैशाखको २ गते देखि सञ्चालन भएको तालिम सोमबार सम्पन्न भएको हो ।

तालिममा अनलाइन पत्रकारिता, समाचार लेखन, तथ्यजाँच र पत्रकार आचारसंहिताका विषयमा सेसनहरु सञ्चालन भएका थिए । अनलाइन पत्रकारिताको विषयमा केशव शरण लामिछाने, समाचार लेखनको विषयमा भरत कोइराला, तथ्यजाँचका विषयमा दिपक अधिकारी र पत्रकार आचारसंहिताका विषयमा प्रेस काउन्सिल नेपालका उप-प्रशासकीय अधिकृत रामशरण बोहराले प्रशिक्षण गराउनुभएको थियो । तालिम समापनका क्रममा प्रेस काउन्सिल नेपालका उप-प्रशासकीय अधिकृत रामशरण बोहराले अनलाइन पत्रकारिताको विकास नेपालमा छोटो अवधिमा निकै चाँढो भएको उल्लेख गर्नुभयो । उहाँले नेपालमा पत्रकारिता सम्बन्धी आउने अधिकांश उजुरी अनलाइनका सन्दर्भमा हुने भएकाले यसलाई थप मर्यादित बनाउन आवश्यक रहेको बताउनुभयो । प्रेस काउन्सिलले प्रेस स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनमा भुमिका खेल्नुका साथै सञ्चारमाध्यमलाई आचारसंहिता कार्यान्वयनका बारेमा निरन्तर सम्झाउने काम गरिरहेको बताउनुभयो । देशभरका रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइनका डाटाहरु काउन्सिलसंग रहेको भन्दै आवश्यक परेका बेला त्यसलाई आधार बनाएर कारबाही प्रकृयाहरु अगाडी बढाइरहेको उहाँको भनाई छ । पत्रकारिताको विकासको लागि र अनलाइनलाई थप मर्यादित बनाउन तालिमहरुले निकै ठुलो भुमिका खेल्ने बोहराको भनाई रहेको छ । कार्यक्रममा प्रशिक्षक एवं पत्रकार केशव शरण लामिछानेले पत्रकारहरु पलपल अपडेट हुनुपर्ने भएकाले पुनर्ताजकीको लागि तालिम निकै फलदायी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले तालिममा सिकेका ज्ञानलाई व्यवहारमा उतार्न पत्रकारले निरन्तर प्रयास गर्नुपर्ने उल्लेख गर्नुभयो । पत्रकार कुनै न कुनै अनलाइनसंग जोडिरहेकाले आफुले पनि थुप्रै कुराहरु तालिमका दौरान सिक्न पाएको भन्दै खुसी व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट बोल्दै पत्रकार कमल पौडेल अथकले पत्रकारिताका धेरै तालिमहरु लिएको भएपनि अनलाइन पत्रकारिता तालिम निकै सान्दर्भिक र व्यवहारिक भएको बताउनुभयो । उहाँले कुनै पनि संस्थाले एक पटक तालिम दिएपछि सोहि विषयमा फेरि त्यहि किसिमको तालिम नदिने गरेको भन्दै अनलाइन पत्रकारिता तालिम पटक पटक आयोजनागर्नुपर्नेबताउनुभयो।उहाँले पत्रकारिता पढेकाले पनि समाचार राम्रोसंग लेख्न नसकेको भन्दै व्यवहारिकता महत्वपुर्ण कुरा रहेको टिप्पणी गर्नुभयो । पत्रकारिता पढेर मात्रै नभई व्यवहारिक रुपमा निरन्तर लेख्ने अभ्यास गरिरहनुपर्ने विषय भएको बताउनुभयो । त्यस्तै पत्रकार ज्योती हमालले अनलाइनको तालिम अहिलेको सन्दर्भमा निकै आवश्यकरहेकोबताउनुभयो।उहाँले पत्रकारितामा महिलासहभागिता बढ्न नसकेको भन्दै यस्ता तालिमहरुमा महिलाको सहभागिता बढाएर पत्रकारितामा महिलाहरुलाई ल्याउन सक्नुपर्ने उहाँको भनाई छ । अनलाइन पत्रकार संघ गण्डकीका अध्यक्ष गणेश बरालले अनलाइन पत्रकारिताको विकासको निमित्त तालिम अत्यावश्यक भएकाले यसलाइ निरन्तरता दिइने बताउनुभयो । उहाँले दर्ता नभइ संचालनमा रहेका अनलाइनलाई दर्ता गर्न लगाउने, दर्ता भएर विधिसम्मत तरिकाले सञ्चालन भएका अनलाइनलाई संघ मातहत ल्याएर अहिले देखिएका समस्याहरु समाधानमा संघ क्रियाशिल रहने बताउनुभयो । तालिममा पोखराका ४० पत्रकारहरुको सहभागिता रहेको थियो ।

# प्रअले विद्यालय सुधार योजना महानगरमा बुझाउनुपर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

पोखरा महानगरपालिकाले महानगरभित्रको शैक्षिक क्षेत्रको सुधारका लागि विभिन्न कार्यक्रम सार्वजानिक गरेको छ ।

नगर कार्यपालिका बैठकले शिक्षाको सुधार र व्यवस्थापनका लागि १७ बुँदे कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरेको हो । यसका लागि महानगरको शिक्षा समिति तथा शिक्षा परिषद् को सिफारिस तथा अन्य सम्बद्ध निकायको अन्तर्क्रियाबाट प्राप्त सुझावलाई मध्यनजर कार्यक्रम स्वीकृत गरिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो ।

उहाँका अनुसार महानगरभित्रको शैक्षिक क्षेत्रलाई व्यवहारिक, व्यवस्थित एवं प्रभावकारी बनाउने उद्देश्यले सबै सरोकारवालामा विशेष निर्देशन गरिएको छ । महानगरद्वारा जारी निर्देशन कार्यान्वयन नगरेमा नियमानुसार कारबाहीसमेत हुने महानगरले जनाएको छ। महानगरले ल्याएको कार्यक्रमअनुसार अब सबै प्रधानाध्यापकले विद्यालय सुधार एवं विकासको चार वर्षे योजना महानगरमा बुझाउनुपर्नेछ । पहिलो वर्षको तेस्रो त्रैमासिकसम्ममा तय गरिएको परिणाम प्राप्त हुन नसकेमा आगामी शैक्षिकसत्रदेखि चार वर्षका लागि नयाँयोजनाका साथ नयाँ प्रधानाध्यापक नियुक्ति प्रक्रियाअघि बढाइने कार्यक्रम महानगरले जनाएको छ ।

महानगरले सबै सामुदायिक तथा संस्थागत विद्यालयले शिक्षा नियमावलीमा उल्लेखित शीर्षकमा बाहेक एउटै विद्यालयमा अध्ययन गर्दा अध्ययन अवधि भर भर्ना शुल्कबापत एक पटक मात्र अधिकतम दुई महिनाको भन्दा बढी शुल्क नलिन निर्देशन दिएको छ । एउटै विद्यालयमा अध्ययन गर्दासमेत माथिल्लो कक्षामा बर्सेनि भर्ना शुल्क लिने गरेको गुनासो अभिभावकको रहने गरेको छ। त्यसैगरी कक्षा ११ को विद्यार्थी भर्नासँग सम्बन्धित कुनै पनि प्रकारको ब्रिज कोर्स सञ्चालन गर्न नपाउने निर्णय गरिएको छ । महानगरले कक्षा १० सम्म अध्ययन गरिरहेका विद्यार्थीले कक्षा ११ मा सोही विद्यालयमा अध्ययन गर्न चाहेमा अनिवार्यरूपमा भर्ना लिई पठनपाठनमा सहभागी गराउनुपर्ने तथा महानगरस्थित सम्पूर्ण संस्थागत तथा सामुदायिक विद्यालयले विद्यार्थी भर्ना अभियानलाई प्रभावकारीरूपमा अगाडि बढाउने र शैक्षिक सत्र २०८० को नियमित पठनपाठन वैशाख १० गतेबाट सञ्चालन गर्नु पर्ने जनाएको छ । संस्थागत तथा सामुदायिक विद्यालयले आफ्नो नजिकका विद्यालयबीच शैक्षिक गुणस्तर वृद्धि सम्बन्धमा आपसी सहकार्यसहित कम्तीमा एक/एक विद्यालयबीच भगिनी सम्बन्ध स्थापित गर्नुपर्नेछ । यसैगरी कुनै पनि शैक्षिक संस्थाले आफ्नो विद्यालय हाताभित्र पाठ्यपुस्तक, विद्यालय पोसाक तथा अन्य शैक्षिक सामग्री बिक्री वितरण गर्न पाइने, स्कुल बस विद्यालय सुरु हुनभन्दा डेढ घण्टा अगाडि मात्र विद्यार्थी ल्याउनको लागि प्रयोग गर्ने र २० वर्षभन्दा पुराना सवारी साधन प्रयोग नगर्न निर्देशन दिइएको छ । विद्यालय क्षेत्रको एक सय मिटर वरपर सुर्तीजन्य तथा मदिराजन्य वस्तु बिक्री वितरण गर्न रोक लगाइएको छ । नयाँ विद्यालय तथा मन्टेश्वरी दर्ता र अनुमति बिना सञ्चालन गर्न र सञ्चालनमा रहेका विद्यालय तथा मन्टेश्वरीले अनुमति बिना कक्षा थप गर्न नपाइने तथा सामुदायिक विद्यालयको विद्यालय विकास कार्यक्रमको सन्दर्भमा प्रस्ताव पेस गर्न उच्चस्तरीय समिति गठन गरिएको र सो समितिको प्रतिवेदन आगामी शैक्षिकसत्रबाट लागू गरिने महानगरले जनाएको छ ।

विद्यालयको वर्गीकरण तथा शुल्क निर्धारणका लागि विज्ञ समूह गठन भएकाले समितिको प्रतिवेदन प्राप्त भएपछि नयाँ शैक्षिकसत्रबाट लागू गरिने कार्यक्रम महानगरको छ । यसैगरी शिक्षकको न्यूनतम पारिश्रमिक नेपाल सरकारले तोकेबमोजिम हुनुपर्नेछ । आउने शैक्षिक सत्रबाट विद्यार्थीको खाजा का लागि रु २५ पुर्‍याउने तथा प्रधानाध्यापकको सेवा सुविधा प्रावि तहको रु दुई हजार र आधारभूत तहको रु तीन हजार माविको सुविधामा रु पाँच हजार थप गर्ने निर्णय महानगरले गरेको छ । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय आवश्यकताको आधारमा मर्ज गर्ने, स्थान र आवश्यकता हेरि मेघा स्कुलको अवधारणा अघि बढाउने र हरेक महिना शिक्षा महाशाखा, काउन्सिलर र प्रधानाध्यापकको पुनरावलोकन बैठक बस्नुपर्ने कार्यक्रम महानगरको छ ।

# तामाङ मातृभाषा र मौलिक बाजा तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख



गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा सोमबारदेखि पोखरामा तामाङ मातृभाषा प्रशिक्षण तथा तामाङ मौलिक बाजा टुङ्ना तालिम सुरु भएको छ। कोकोम्हेन्दो साहित्य समाज पोखराको संयोजनमा पोखरा १३ मा आयोजित यो प्रशिक्षण कार्यक्रम एक महिनासम्म चल्ने छ।

प्रशिक्षण कार्यक्रमको उद्घाटन गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थले गरें । उद्घाटन कार्यक्रममा बोल्दै उनले गण्डकी प्रदेश कला, साहित्य, संगीत र संस्कृतिको उर्वर भुमि भएको बताए । पछिल्लो समयमा भाषा, संस्कार र संस्कृतिलाई जोगाउदै पुस्ताहस्तान्तरण गर्ने अभियानमा गण्डकी प्रज्ञा प्रतिष्ठानले देखाएको क्रियाशिलताको मुख्यसचिव पन्थले प्रशंसा गरें । 'यस भुमिको भाषा, संस्कार र संस्कृति जोगाउने मात्र नभएर पुस्ताहस्तान्तरण गर्न प्रदेश सरकारको प्रतिबिम्बको रुपमा गण्डकी प्रज्ञा प्रतिष्ठानले जसरी गति पैदा गरेको छ यो निकै सह्रानिय छ' उनले भने । भाषा, संस्कार र संस्कृति हराए देश नरहने भएको सबै मिलेर यसको संरक्षण गर्नुपर्ने उनको भनाई थियो । 'हाम्रा भाषाहरु, संस्कार, संस्कृति हराए देश रहदैन तसर्थ देश जोगाउने अभियानमा तपाईको अग्रसरताप्रति आभार व्यक्त गर्दछु' उनले थपे । तामाङ समुदायसँग भाषा र बाजा प्रशिक्षण मार्फत जोडिन पाएकोमा उनले खुशी व्यक्त समेत गरें ।

कार्यक्रममा बोल्दै गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले आफुहरु गण्डकी प्रदेशमा बसोबास गर्ने सम्पूर्ण जातीहरुको भाषा, संस्कृति जोगाउने अभियानमा लागेको बताए। उनले रिजल्ट बेसमा काम गरिदिन प्रशिक्षार्थीसँग आग्रह गरें । 'हामी गण्डकी प्रदेशमा बसोबास गर्ने सम्पूर्ण जातीहरुको भाषा, संस्कृति जोगाउने अभियानमा छौं। तपाईहरुसँगको सहकार्य सिङ्गो प्रज्ञा प्रतिष्ठानको लागि हौसला हो । हामी काम मार्फत रिजल्ट दिन चाहन्छौ । तपाईहरु रिजल्ट वेसमा काम गरिदिनुहोला'उनले भने । कोकोम्हेन्दो साहित्य समाज पोखराको संयोजक दीपक तामाङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सदस्य पवित्रा तामाङ र सञ्चालन सचिव मिनमाया तामाङले गरेका थिए । प्रशिक्षण कार्यक्रममा भाषातर्फ २८ जना र बाजा तर्फ ३३ जनाको सहभागीता रहेको छ।

आयोजक गण्डकी प्रज्ञा प्रतिष्ठान प्रतिष्ठान आफ्नो दोस्रो स्थापना दिवस समेत भव्य रुपमा मनाउने तयारीमा समेत लागेको छ। स्थापना दिवसमा गण्डकी प्रदेशका कला साहित्य संगीत तर्फका श्रष्टाहरुलाई नगद सहित सम्मान गरिने सदस्य सचिव मनकुमार श्रेष्ठले जनाए।

# पहिलो...

स्वागत गरेका हौं ।" चन्द्रावतीदेखि पङ्केपसल, बरभञ्ज्याङ, मान्द्रे, ठुलोचौर र मुलपानीका सयौं स्थानीय बाटोमा भेला भई बसलाई अविर जात्रासहित स्वागत गरेका थिए। यस मोटरमार्गमा पहिलो पटक बस सञ्चालन गरिएपछि स्थानीयले आफूलाई अविर जात्रासहित स्वागत गर्दा हौसला मिलेको बसका चालक किशोर गुरुङले बताउनुभयो ।

आफूहरुले करिब ३० वर्षअघि खन्न सुरु गरेको उक्त मार्गमा नियमित बस सञ्चालन हुनुले स्थानीयलाई ठूलो राहत पुगेको उक्त मोटर मार्गका संस्थापक अध्यक्ष हरिबहादुर खड्काले बताउनुभयो । "यस मार्गमा नियमित सवारी साधन नहुँदा प्रशासनिक कामले दमौली जानुपर्दा घण्टौं हिँड्नुपर्ने अवस्था थियो", खड्काले भन्नुभयो, "अब भने दैनिक बस सञ्चालन हुने भएपछि भने स्थानीयलाई निकै राहत हुने भयो ।" घाँसीकुवादेखि भानु नगरपालिका-६ पङ्के पसलसम्म १४ किलोमिटरसम्म बागेश्वरी मोटर मार्ग पर्दछ। तर थप नौ किलोमिटर पक्की सडकखण्ड हुँदै बसलाई दैनिक चन्द्रावतीदेखि दमौली र दमौलीदेखि चन्द्रावतीसम्म गरिने बागेश्वरी मोटर मार्ग उपभोक्ता समितिले जनाएको छ । उक्तमार्गमा बस सञ्चालन हुनुअघि चन्द्रावतीदेखि डुम्रे हुँदै दमौली जानुपर्ने अवस्था थियो।

# माछापुच्छ्रे-२ मा नयाँवर्ष मेला जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

जिल्लाको माछापुच्छे गाउँपालिका वडा नं २ भुर्जुङ्खोलामा नेपाली नयाँवर्षको अवसरमा आयोजना गरिएको नयाँवर्ष मेला जारी छ।

स्थानीय ग्रीनफोर्स युवा क्लबले क्लबको वार्षिकोत्सवको अवसर पारेर नयाँवर्षमा विभिन्न खेलकुद सहितका कार्यक्रम आयोजना गरेको हो । वैशाख १ गते 'भुर्जुङ्खोला तातोपानी माउन्टेन बाइक रेस' सम्पन्न भएको छ । 'स्वच्छ वातावरण, स्वस्थ जीवन'को नारा सहित औद्योगिक विकासले वायुमण्डलमा प्रतिदिन बढिरहेको धूलो र धुवाँले पृथ्वीको तापक्रम बढ्दै गइरहेकाले सवैमा साइकल चढ्न अभिप्रेरित गर्ने र माछापुच्छ्रे गाउँपालिकाको प्राकृतिक तथा पर्वतीय पर्यटनको प्रचार प्रसारका लागि सो बाइक रेस गरिएको माछापुच्छे गाउँपालिका वडा नं २ का वडाध्यक्ष गणेश आचार्यले बताउनुभयो । क्लबको १५ औं वार्षिकोत्सवका अवसरमा पुरुष तथा महिला भलिबल प्रतियोगिता, भेट्रान भलिबल, छेलो, म्यूजिकल चेयर लगायतका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । पुरुष भलिबलको विजेताले रु ९९ हजार ९९९, द्धितीयले रु ५५ हजार ५५५ नगद पुरस्कार पाउनेछन् । प्रतियोगिताको समापन वैशाख ५ गते हुने क्लबका अध्यक्ष राम गुरुङले जानकारी दिनुभयो।माछापुच्छ्रेगाउँपालिका–२ भुर्जुङ्खोला पोखराको बगरदेखी १२ किमी उत्तरमा पर्दछ। यस स्थानमा प्राकृतिक वरदानका रुपमा तातोपानी कुण्ड छ। खारपानीस्थित सेती नदी किनारमा रहेको तातोपानी नुहाउनका लागि आन्तरिक पर्यटकको भीड लाग्ने गरेको छ । हिउँदयाममायहाँ कृषि सहकारी मार्फत एक र निजीस्तरबाट दुई स्थानमा विश्वकै प्रसिद्ध रेन्बो ट्राउट माछा पालन केन्द्र छन् । आन्तरिक तथा बाह्य पर्यटकलाई गुरुङ गाउँ काभ्रे गाउँमा होमस्टे सञ्चालन गरिएको बडाध्यक्ष आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो,"यस क्षेत्रमा विभिन्न जात जातिका आआफ्नै भेषभुषा, भाषा र संस्कतिहरु छन् । यस्ता संस्कृतिहरुक बढ्दो सहरीकरणसँगै लोप हुने अवस्थामा पुगेकाले मेलामार्फत संस्कृति संरक्षण र सम्वर्द्धनमा सहयोग पुग्ने विश्वास लिएका छौं । "

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा**

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही **मिति बैशाख २ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सर्वोच्चको प्रधानन्यायाधीस नियुक्ति थाल

सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्ति नगरे आन्दोलन गर्ने नेपाल वार एसोसिएसनको धम्की पछि प्रमुख  राजनीतिक तीन दलको बैठकले प्रधानन्यायाधीशको नियुक्ति प्रक्रिया अघि बढाउने निर्णय गरेका छन् । सोमबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा बसेको सत्तारुढ दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा एवं एमाले अध्यक्ष ओलीबीचको बैठकले नियुक्ति प्रक्रिया अघि बढाउने निर्णय गरेको छ।

नेपाली काँग्रेसका प्रमुख सचेतक रमेश लेखकले तीन दलको बैठकले चाँडै संवैधानिक परिषद्को बैठक बसेर प्रधानन्यायाधीशको नियुक्ति प्रक्रिया अघि बढाउने सहमति गरेको जानकारी दिए ।  लामो समयदेखि सर्वोच्च अदालतकोकार्यभार नै कार्यवाहकबाट सञ्चालन भइरहेको भन्दै प्रधानमन्त्रीले चाँडै संवैधानिक परिषद्को बैठक बोलाएर स्थायी नियुक्तिको प्रक्रिया अघि बढाउने कुरामा सहमति जुटेको बताए । बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता ओलीले संवैधानिक परिषद्को बैठक बोलाएर प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया शुरु गर्ने कुरामा सहमति जनाएको छ।

'सर्वोच्च अदालतको प्रधानन्यायाधीश कार्यवाहक छन।लामो समयदेखि सर्वोच्च अदालतको कार्यभार नै कार्यवाहकबाट सञ्चालन भइरहेको छ। प्रधानन्यायाधीश नियुक्ति प्रक्रियालाई अघि बढाउन प्रधानमन्त्रीले पहल गर्नुपर्छ। प्रधानमन्त्री प्रचण्डले नेपाल बार एसोसिएसनको टोलीसंग एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानन्यायाधीशमा हरिकृष्ण कार्कीलाई नचाहेको आशय व्यक्त गरेका थिए ।संबैधानिक परिषद् को बैठक नवोलाइ कस्ले रुचाउँछन् कस्ले चाहदैनन् भन्ने थाहा हुँदैन ।एमालेले सर्वोच्चले अदालतलाई राजनीतिक आँखाले हेर्न नहुने विचार राख्दै आएको छाप्रमुख दलहरूको बैठकमा संबैधानिक परिषद्को बैठक बोलाएर प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया थाल्न एमालेको दबाब छ।

आजको बैठकमा संसदीय  समिति सञ्चालन र संक्रमणकालीन न्याय सम्बन्धी विधेयक टुंग्याउने कुरामा पनि छलफल भएको लेखकले बताए । सभामुख देवराज घिमिरेले संसदीय समिति गठन र संक्रमणकालीन न्याय सम्बन्धि बाँकी काम सक्न प्रधानमन्त्री ,विपक्षी दलको नेता र काङ्गेस सभापतिलाई एकै ठाउँमा राखेर सहमति जुटाउन पहल गरिरहेका छन।सरकारले सदनलाई काम दिन नसकेको भनी आलोचना भएको छ।सरकारको ध्यान सदनलाई काम दिन,देशका सामु देखापरेका समस्या समाधानका लागि पहल गरेको छैन ।खाली सत्ता गठबन्धनको फाइदा खोजेर हिड्दा जटिल समस्या थपिँदै गएका छन।जनतामा देखिएको निराशा हटाएर सकारात्मक भावनाको विकास आवश्यक छ ।

प्रधानमन्त्री प्रचण्डले शुक्रबार संवैधानिक परिषद् को बैएको छाठक आव्हान गरेका छन।प्रधानन्यायाधीश नियुक्ति प्रक्रियामा जानको लागि बैठक आव्हान  भएको छ।सर्वोच्चको प्रधान न्यायाधीश नियुक्त प्रक्रिया शुरु भएको छ।अब कुनै बाहना बनाएर काम गर्न नसक्नेलाई पठाउन हुँदैन ।सक्षम र ईमान्दार आजको आवश्यकता छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# जीप दुर्घटनामा चालकको मृत्यु, सात घाइते

**पोखरापत्र संवाददाता**
दमौली, ४ बैशाख

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ पिउरी दोभानस्थित भित्री कच्ची सडकखण्डमा आइतबार साँझ जीप दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । दुर्घटनामा सात यात्रु घाइते भएका छन् ।

मृत्यु हुनेमा स्याङ्जाको पुतलीबजार नगरपालिका-६ बस्ने ३९ वर्षीय कुलबहादुर सुनार रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो ।

दुलेगौडाबाट पिउरी दोभानतर्फ जाँदै गरेको ग१ज ७९४२ नम्बरको जीप अनियन्त्रित भई सडकबाट एक सय आठ फिट तल खस्दा चालकको घटनास्थलमै मृत्यु भएको हो । जीप दुर्घटनामा शुक्लागण्डकी नगरपालिका-१२ बस्ने २१ वर्षीया मोतीकला भुजेल, सोही ठाउँ बस्ने ३५ वर्षीया बबिता भुजेल, ३१ वर्षीया कल्पना भुजेल, आठ वर्षीय आरभ भुजेल, ९ वर्षीया रुसिका थापा, ३० वर्षीया तिलकुमारी थापा र २७ वर्षीया हेमकुमारी भुजेल घाइते भएका छन् ।

घाइतेमध्ये मोतिकलाको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा उपचार भइरहेको छ भने अन्य घाइतेको गण्डकी मेडिकल कलेज पोखरामा उपचार भइरहेको छ ।

# एउटै वडामा सांस्कृतिक र जनजाति सङ्ग्रहालय

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ बैशाख

बागलुङको काठेखोला गाउँपालिकाको एउटै वडामा दुई सङ्ग्रहालय निर्माण भइरहेका छन् । जनजातिको बाहुल्यता रहेको काठेखोला-४ तङ्ग्राममा एकसाथ सांस्कृतिक सङ्ग्रहालय र जनजाति सङ्ग्रहालय निर्माण भइरहेका छन् ।

लोपन्मुख विश्वका मुख्य बाजा सङ्ग्रह गर्ने उद्देश्यले स्थापना गरिएको जिमाक संस्थाको अगुवाइमा अहिले सांस्कृतिक सङ्ग्रहालय निर्माणको काम अन्तिम चरणमा पुगेको छ । यस्तै गाउँपालिकाको अगुवाइमा जनजाति सङ्ग्रहालय निर्माण भइरहेको छ । तङ्ग्राममा रहेका जनजातिले आफ्नो पहिचान, भाषा, वेशभूषा र संस्कृतिलाई सङ्ग्रहित गर्न जनजाति सङ्ग्रहालय निर्माण थालिएको हो । गाउँपालिकाले एक वडा एक गौरवको योजनाअन्तर्गत झन्डै रु ६० लाख जति सङ्ग्रहालयमा लगानी भइसकेको छ । यस्तै लोपन्मुख बाजालाई संरक्षित गर्न अहिले सांस्कृतिक सङ्ग्रहालयको कामसमेत अन्तिम चरणमा पुगेको छ। सांस्कृतिक सङ्ग्रहालयमा व्यक्तिगत सहयोग तथा गण्डकी प्रदेश सरकारको गरी रु एक करोड ५० लाख लगानी भइसकेको छ। तङ्ग्राममा दुई सङ्ग्रहालय निर्माणपश्चात् आन्तरिक तथा बाह्य पर्यटकसमेत भित्र्याउने गाउँपालिकाको विश्वास छ । जिमाक सांस्कृतिक सङ्ग्रहालयमा विश्वभर रहेका विभिन्न देशका प्रमुख बाजासँगै नेपालका सबै लोकबाजाको सङ्ग्रह गरिने संस्थापक संरक्षक हेमराज आश्रमले जानकारी दिनुभयो । "सांस्कृतिक सङ्ग्रहालयमा विभिन्न देशका मुख्य बाजा सङ्ग्रह गरिनेछ, नेपालका लोकबाजा यहाँ देख्न पाइन्छ", आश्रमले भन्नुभयो, "सङ्ग्रहालयले लोकबाजाको पहिचान दिलाउँदै लोकबाजाको अध्ययन तथा अनुसन्धानस्थलका रूपमा समेत सङ्ग्रहालय देखिएको छ ।" सांस्कृतिक सङ्ग्रहालयले गाउँपालिकाको तङ्ग्रामलाई सांकृतिक ग्रामका रूपमा विकास गर्दै आन्तरिक र बाह्य पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ । विसं २०७६ देखि निर्माण थालिएको सङ्ग्रहालयको कूल लागत रु एक करोड ३० लाख रहेको छ । सङ्ग्रहालय निर्माणमा गण्डकी प्रदेश सरकारले तीन आर्थिक वर्षमा गरी रु एक करोड ३० लाख विनियोजन गरेको छ । जिमाक सङ्ग्रहालय जाने बाटो सुधार गरिनाका साथै मादलको प्रतिमा समेत बनाइएको छ । सङ्ग्रहालय आगामी जेठ मसान्तसम्म निर्माण गरिसक्ने सम्झौता रहेको छ । सङ्ग्रहालयमा नेपालकै ठूलो नगरासमेत राखिनेछ । उक्त नगरा निर्माण भइसके पनि स्थान अभावमा प्रदर्शनमा राख्न सकिएको छैन । त्यस्तै काठेखोला-४ तङ्ग्राममा नै पर्यटन तथा जनजाति सङ्ग्रहालय निर्माणलाई तीव्रता दिइएको छ। विसं २०७५ देखि निर्माण थालिएको सङ्ग्रहालयमा हालसम्म रु ५८ लाख खर्च भइसकेको छ । गाउँपालिकाको एक वडा एक गौरवको योजनाअनुसार पर्यटन तथा जनजाति सङ्ग्रहालय निर्माण कार्यले तीव्रता पाएको छ । सङ्ग्रहालयका लागि २०७५ सालमा रु पाँच लाख, २०७६ मा रु २० लाख, २०७७ मा रु १३ लाख, २०७८ मा रु १५ लाख र २०७९ मा रु पाँच लाख गाउँपालिकाले विनियोजन गरेको थियो । सङ्ग्रहालयमा गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जाति/जनजातिको पहिचान झल्कने सामग्री राखिने सङ्ग्रहालय निर्माण उपभोक्ता समितिका अध्यक्ष रनबहादुर पुनले जानकारी दिनुभयो । "यो सङ्ग्रहालयमा गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिको वेशभूषा, संस्कृति, रीतिरिवाज, परम्परा झल्किने वस्तु राखिनेछ", उहाँले भन्नुभयो, "यसले गाउँपालिकाका जनजातिहरूको लोपोन्मुख भाषा, संस्कृति तथा सामग्रीलाई झल्काउन मद्दत गर्नेछ ।" गाउँपालिकाका उपाध्यक्ष तिलक पुनले तङ्ग्रामका दुई सङ्ग्रहालयले समग्र गाउँपालिकाको पहिचान दिने बताउनुभयो । सङ्ग्रहालय निर्माणसँगै यसको प्रचारप्रसारमा गाउँपालिका आफैँ लाग्ने पुनको भनाइ छ ।

# करेन्ट लागेर घाइते शिक्षकको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ४ बैशाख

तनहुँको घिरिङ गाउँपालिका-२ कोलडाँडास्थित भित्री सडकखण्डमा गुडिरहेको मोटरसाइकलमा करेन्ट लाग्दा घाइते भएका शिक्षकको आज मृत्यु भएको छ ।

मृत्यु हुनेमा बझाङको तल्लाकोट गाउँपालिका-२ बस्ने २७ वर्षीय जीवन रोकाया रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो । पार्वती आधार भूत विद्यालयमा भर्खरै नियुक्त भएका शिक्षक रोकाया विद्यालयबाट फर्किंदै गर्दा कोलडाँडामा लत्रिएको लाइनको तारमा मोटरसाइकल छोइएको थियो । घाइते उनको आज पोखरामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक मध्यनेपाल नगरपालिका-७ करापुरटार बस्ने ५० वर्षीय तीर्थ घिमिरेको घाइते अवस्थामा पोखरामा उपचार भइरहेको छ ।

# घोडेपानीमा तीन वर्षपछि चिनियाँ पर्यटक

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ बैशाख



म्याग्दीको पर्यटकीयस्थल घोडेपानीमा तीन वर्षपछि चिनिया पर्यटक भित्रिएका छन् ।

विसं २०७६ चैतमा कोरोना भाइरसको महामारी फैलिएपछि रोकिएको चिनिया पर्यटक आगमन तीन वर्षपछि सुचारु भएको हो । नेपाल विग माउन्टेन ट्राभल्समार्फत कास्कीको तिखेढुङ्गा हुँदै आइतबार घोडेपानीमा चिनियाँ पर्यटक आएका घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष मीना पुनले बताउनुभयो । पर्यटकलाई घोडेपानीमा होटल व्यवसायी, टोल सुधार समिति, आमा समूह र युवा क्वबले स्वागत गरेका छन् । घोडेपानी र पुनहिल म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर ६ मा अवस्थित छ । अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत पर्ने घोडेपानी, पुनहिल, घान्द्रुक भ्रमणमा पर्यटक आएका हुन् । घोडेपानीबाट टाढापानी हुँदै कास्कीको घान्द्रुक भएर पोखरा फर्कने नेपाल बिग माउन्टेन ट्राभल्सका पथ प्रर्दशक सुजित रेग्मीले बताउनुभयो । उहाँका अनुसार यो पदमार्गमा थप तीन वटा चिनियाँ पर्यटकको समूह भ्रमणमा आउँदैछन् । सात दिनको नेपाल भ्रमणमा आएका उनीहरूले सोमबार बिहान समुन्द्र सतहदेखि तीन हजार दुई सय मिटर उचाइमा अवस्थित पुनहिलमा सूर्योदय, गुराँसे जङ्गल र हिमशृङ्खलाको अवलोकन गर्न पुगेका छन् । घोडेपानी-पुनहिलमा अनुकूल मौसम र ढकमक्क फुलेका गुराँसले ढाकिएसँगै बाह्य तथा आन्तरिक पर्यटक बढेका छन् । पछिल्लो एक महिनायता प्रतिदिन पाँच सय जना हाराहारीमा पर्यटक भित्रिएका व्यवसायीले बताएका छन् । "कोरोना महामारीले ठप्प पर्यटन व्यवसाय यस वर्षको चैत लागेपछि चहलपहल छाएको छ। पुरानो चहलपहल त फर्केको होइन तर दुई-तीन सय विदेशी पाहुना आउँदा सबै होटलमा दुई-चार जना पाहुना भइरहन्छन्", स्थानीय डमबहादुर पुनले भन्नुभयो, "कोरोनापछि नेपाली आउने क्रम भने बढेको छ। नेपालीहरू अक्सर दुई-तीन दिन बिदा हुँदा र शैक्षिक भ्रमणमा आउने बढी छन् ।" घोडेपानीमा साना ठूला गरी ३० होटल छन् । पुनहिल प्रवेश तथा पुनहिलमा टि एन्ड कफी सप सञ्चालन गर्न अन्नपूर्ण गाउँपालिकाबाट स्थानीय बालकृष्ण राना र रनबहादुर पुनले भ्याटसहित रु ५६ लाख ६० हजारमा ठेक्का लिनुभएको छ । पुनहिल प्रवेश गर्दा नेपालीलाई प्रतिव्यक्ति रु ५० र विदेशी पर्यटकलाई प्रतिव्यक्ति रु एक सय ५० शुल्क तोकिएको छ। पुनहिलबाट धौलागिरि, सिस्ने, गुर्जा, मानापाथी, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु हिमालको अवलोकन गर्न सकिन्छ । सुर्योदयको दृष्य अवलोकन गर्न पाउनु पनि पुनहिलको अर्को विषेशता हो । घोडेपानी र पुनहिल क्षेत्रमा गण्डकी प्रदेशकै ठूलो लालीगुराँसको जङ्गल छ। वसन्त ऋतुको आगमनसँगै लालीगुराँस फुलेर पाखा रङ्गीन बनेका छन् । पहाडको उच्च स्थानमा रहेको घोडेपानी पुनहिल क्षेत्रको जङ्गल र पहाडी भूगोलको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण राउन्ड गरी तातोपानी हुँदै कास्कीको विरेठाँटी-उल्लेरी, छोम्रोङ-घान्द्रुक-टाडापानी हुँदै र नागी-महरे हुँदै गरी चारवटा नाकाबाट दैनिक करिब तीन सय विदेशी पर्यटक घोरेपानी भित्रिने गरेको पर्यटन प्रहरी कार्यालय घोडेपानीका प्रहरी हवल्दार बमबहादुर थापाले बताउनुभयो । भारतीय र नेपाली पर्यटकको अभिलेख राख्ने गरिएको छैन। म्याग्दीको पोखरेबगर घार शिख चित्रे हुँदै घोडेपानी सडकमा सवारी साधन भएर पुग्न सकिन्छ । घोडेपानीमा बास बस्ने पर्यटक बिहानै पुनहिल भ्रमणमा जाने गर्दछन् ।

# गोदाममा थन्किए काठका भाँडाकुँडा

**पोखरापत्र संवाददाता**
वालिङ, ४ बैशाख

स्याङ्जाको चापाकोट-९ चोसीका लीलबहादुर कामी उमेरले तीन बीस पूरा हुनुभयो । आफू जान्ने भएदेखि अहिलेसम्म निरन्तररूपमा काठका भाँडाकुँडा बनाएर जीविकोपार्जन गर्दै आउनुभएको छ । साँचो र लोताको प्रयोग गरी काठका विभिन्न भाँडाकुँडा बनाउन उहाँले आफ्नै बाबुबाजेहरूहरूबाट सिक्नुभयो ।

आम्दानीको मुख्य स्रोतका रूपमा काठको ठेका, ठेकी, मदानी, अम्खोरा, कचौरा, गिलास, थाललगायत सामग्रीहरू निर्माण गर्दै आउनुभएको छ । आधुनिक यन्त्र उपकरण, औजारहरू भित्रिएता पनि उहाँले पुरानै शैलीका साँचो र लोताको प्रयोग गरेर सामग्री उत्पादन गर्नुहुन्छ। आधुनिक औजारले सहज हुनाका साथै थोरै जनशक्तिबाट पनि छिटो काम सकिन्छ तर उहाँ पुरानै औजारहरूको प्रयोग गरेर कडा परिश्रमसहित सामग्रीहरू उत्पादन गर्नुहुन्छ । 'कुशल भाँडा उद्योग' दर्ता गरी व्यावसायिकरूपमा काठका सामग्री उत्पादन गर्ने र बिक्री गर्ने उहाँको दैनिकी हो । पछिल्लो समयमा बजारमा आएका प्लास्टिक र सिलोटका भाँडाले काठका भाँडाकुँडा बिक्री घट्दै गएको उहाँ बताउनुहुन्छ। "पहिला-पहिला जस्तो आजभोलि काठका भाँडाकुँडाहरू बिक्दैनन्", उहाँले भन्नुभयो, "प्लास्टिक र सिलोटका भाँडाहरू काठका भाँडाका तुलनामा सस्तो हुन्छन् ।" पछिल्लो समयमा काठका भाँडाको महत्वका बारेमा थाहा नभएकाले पनि उपभोगमा कमी आएको हुनसक्ने उहाँको दाबी छ ।

गाउँघरमा पहिला गाईभैँसी पाल्ने र काठको ठेकीमा दही जमाउने, काठकै ठेकामा मोही पार्ने, घ्यू बिक्री गर्ने चलन भएता पनि आजभोलि गाईभैँसी पाल्न छाडेकाले पनि यसको प्रयोग घट्दै गएको हो । बजारमा आएका सस्तो र आधुनिक सामग्रीहरूको प्रयोगका कारण पनि काठका भाँडाकुँडाको प्रयोग घट्दै गएको हो । "आफूले उत्पादन गरेका विभिन्न काठका भाँडाहरू काठमाडौँ, पोखरा, बुटवललगायत ठूला बजार तथा गाउँमै माग धेरै हुँदा पुऱ्याउन सकिन्नथ्यो", उहाँले भन्नुभयो, "अहिले भने उत्पादन गरेर राखिएका काठका विभिन्न भाँडाकुँडा मात्रै झन्डै पाँच लाख मूल्यको गोदाममा थन्किएको छ।" उद्योगमा उहाँसहित अन्य सातजनाले रोजगारीसमेत पाएका छन् । आफ्नो आम्दानीको मुख्य स्रोतका रूपमा रहेको यो पेसा नयाँ पुस्तामा हस्तान्तरण गर्न नसक्दा उहाँ चिन्तित हुनुहुन्छ । युवा पुस्ताहरू रोजगारीका लागि विदेश जाने वा अन्य पेसामा लाग्ने गरेकाले पनि सीप पुस्तान्तरण हुन नसकेको उहाँले बताउनुभयो । उत्पादन भएका सामग्रीहरू बिक्री नभएपछि अहिले चाडपर्व लाग्ने मेलाहरू, महोत्सवहरूमा लगेर प्रदर्शन तथा बिक्री गर्दै आउनुभएको छ ।

# वाग्लेले कांग्रेसबाट फाइदा मात्र लिए : सांसद राणा

**पोखरापत्र संवाददाता**
दमौली, ४ बैशाख

नेपाली कांग्रेसका नेता उदयशमशेर राणाले स्वर्णिम वाग्लेले नेपाली कांग्रेसबाट फाइदा मात्र लिएको र अहिले थप अवसरका लागि पार्टी छोडेर लागेको बताउनुभएको छ ।

कांग्रेसका सांसद राणाले नेपाली कांग्रेस सरकारमा हुँदा वाग्ले नेपाल आएर फाइदा लिने र सरकारबाट कांग्रेस बाहिरिएपछि फेरि विदेश जाने गरेको बताउनुभयो । सांसद राणाले भन्नुभयो, "वाग्ले नेपाली कांग्रेसबाट धेरै फाइदा लिने व्यक्तिमा पर्नुहुन्छ, सुशील कोइराला प्रधानमन्त्री हुँदा राष्ट्रिय योजना आयोगको सदस्य बन्नुभयो । पछि शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा आयोगको उपाध्यक्ष नै बन्नुभयो । देश फर्किएको तीन महिनामै उहाँलाई प्रधानमन्त्री देउवाले आयोगको उपाध्यक्ष बनाउनुभएको थियो । तर उहाँले नै अहिले भने पार्टी सभापतिलाई दोषारोपण गरेर पार्टी छोड्नुभएको छ ।" सोमबार तनहुँमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै कांग्रेस केन्द्रीय सदस्य राणाले स्वर्णिम वाग्लेमा अवसरवादी चरित्र भएको आरोप लगाउँदै भन्नुभयो, "विसं २०७४ को निर्वाचनमा कांग्रेस सरकारबाट बाहिरिएपछि हामी पाँच वर्ष विपक्षमै बसेर संगठन गर्छौं भनेर बस्यौं तर वाग्ले भने विदेशिनुभयो । जब कांग्रेस सरकारमा पुग्छ अनि उहाँ नियुक्तिका लागि टुप्लुक्क आइपुग्नुहुन्छ, सरकारबाट कांग्रेस बाहिरिएपछि उहाँ पनि विदेशिनुहुन्छ ।" कांग्रेसमा विदेश पढेर आएका धेरै नेताहरु भएको उल्लेख गर्दै आफूहरु पनि विदेशमै पढेर आएको तर अवसर नपाउँदा पनि देशमै बसी पार्टीको संगठन गर्ने गरेको सांसद राणाको भनाइ थियो ।

# पैयुँपाटा बहुमुखी क्याम्पसमा विद्यार्थीको चाप घट्दै

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

एक दशक अगाडिसम्म बागलुङ नगरपालिका-१३ स्थित बलेवा पैयुँपाटा बहुमुखी क्याम्पसमा विद्यार्थीको चाप हुन्थ्यो । गाउँकै क्याम्पसमा उच्च शिक्षा पढ्न पाउँदा विद्यार्थी खुसी थिए ।

खासगरी गरिब परिवारका विद्यार्थी पढ्दै आएको यो क्याम्पसमा छोरीबुहारी बढी हुन्थे । उच्च शिक्षाका लागि गाउँबाट क्याम्पस टाढा हुँदा धेरैले दश जोड दुई उत्तीर्ण गरेर पढाइ बिट मार्ने गर्थे । छात्रहरू विदेश जाने र छात्राले क्याम्पस टाढा भएकै कारण पढाइ छोड्नुपर्ने बाध्यता भएपछि विसं २०४७ मा क्याम्पस स्थापना भयो । क्याम्पस स्थापना भएपछि ग्रामीण क्षेत्रका विद्यार्थीले अध्ययन गर्न पाए तर, पछिल्लो समय क्याम्पसमा विद्यार्थी टिकाउनै समस्या हुँदै गएको छ । दश जोड दुई उत्तीर्ण हुने बित्तिकै युवा विदेश पलायन हुन थालेपछि क्याम्पसमा विद्यार्थीको सङ्ख्या न्यून हुँदै गएको हो । बत्तीस वर्षदेखि सञ्चालन हुँदै आएको क्याम्पसले अहिले विद्यार्थी कसरी टिकाउने भन्नेमा सोच्न बाध्य छ । हरेक वर्ष विद्यार्थीको सङ्ख्या घट्दै गएपछि क्याम्पस कसरी चलाउने भन्नेमा सरोकारवाला गम्भीर हुन थालेका छन् । विद्यार्थीबाट कुनै पनि शुल्क नलिई निःशुल्क पढ्ने वातावरण मिलाएको क्याम्पस प्रमुख ज्ञानेन्द्रराज पन्तले बताउनुभयो । अहिले दैनिक १० विद्यार्थी पढ्न नआउने उहाँको भनाइ छ । क्याम्पसमा हाल ४० विद्यार्थी भर्ना भएका छन् । शिक्षा र व्यवस्थापन पढाइ हुने क्याम्पसमा अहिले विद्यार्थीको आकर्षण घट्दै गएको छ । त्रिभुवन विश्व विद्यालयबाट सम्बन्ध प्राप्त क्याम्पसले हरेक वर्ष राम्रो शैक्षिक उपलब्धि हासिल गरिरहेको क्याम्पस प्रमुख पन्तको भनाइ छ ।

"ग्रामीण क्षेत्रको क्याम्पस भएको हुँदा गाउँकै विद्यार्थीले हो यहाँ पढ्ने, खास गरी छोरी र बुहारी बढी हुन्छन्, अहिले विद्यार्थीको सङ्ख्या धेरै घटेको छ, विद्यार्थीलाई आकर्षण गर्न धेरै प्रयास गऱ्यौँ तर बढाउन सकिएको छैन", क्याम्पस प्रमुख पन्तले भन्नुभयो-, "पहिले छोरा मात्रै विदेश जाने प्रचलन थियो, त्यसले गर्दा छोरी बुहारीले घरको काम धन्दा गरेर क्याम्पस पढ्ने गर्थे, अहिले छोरी बुहारी पनि विदेश जान थाले त्यसले गर्दा क्याम्पसमा विद्यार्थी सङ्ख्या घट्यो, हरेक वर्ष विद्यार्थी सङ्ख्या घटिरहेको छ ।" क्याम्पस ०४७ सालमा प्रवीणता प्रमाणपत्रबाट सुरु भएको थियो । ग्रामीण क्षेत्रका विद्यार्थीलाई लक्षित गरेर स्थापित क्याम्पस अहिले विद्यार्थी घट्दै गएपछि सङ्कटमा परेको छ । पाँच वर्ष अगाडिसम्म क्याम्पसमा विद्यार्थीको उपस्थिति राम्रो भएको उहाँ बताउनुहुन्छ । अहिले विभिन्न वर्षमा अध्ययन गर्ने आठ छात्र र ३२ छात्रा भर्ना भएका छन् । उनीहरूमध्ये अधिकांश परीक्षा दिन मात्रै आउने गरेको क्याम्पस प्रमुख पन्तको भनाइ छ ।

बागलुङ नगरपालिकाका शिक्षा शाखा प्रमुख धनप्रसाद पोखरेलले गाउँमै रोजगार सिर्जना नगरेसम्म क्याम्पस र विद्यालयमा विद्यार्थी रोक्न नसकिने बताउनुहुन्छ । उहाँले क्याम्पसमा मात्रै नभएर 'स्कुल लेवल'मा पनि विद्यार्थीको सङ्ख्या घट्दै गएको बताउनुहुन्छ । प्राध्यापक आधुनिकसँगजोडिनुपर्नेरविद्यार्थीलाई व्यवहारिक तरवले शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँ भन्नुहुन्छ, "क्याम्पस हाम्रो अधिकार क्षेत्रभित्र त पर्दैन तर, हाम्रो वडामा पर्ने हुँदा हामीले चासो दिनुपर्छ, विद्यार्थी यहाँ मात्रै होइन, देशभरनै कम हुँदै गएका छन्, उच्च शिक्षालयमा विद्यार्थीको सङ्ख्या कम छ, रोजगारको अवसर र प्राध्यापक आधुनिक प्रविधिसँग जोडिन सकेर गुणस्तरीय शिक्षामा जोड दियो भने केही हदसम्म विद्यार्थीलाई आकर्षित गर्न सकिन्छ ।"

# वारीबेनीदेखि मल्लाज जोड्नेसडक आयोजना सम्पन्न

पोखरापत्र संवाददाता
पर्वत, ४ बैशाख

यहाँको एक सडक आयोजना सम्झौता अवधिभन्दा एक महिनाअगावै सम्पन्न भएको छ ।

जिल्लाको जलजला गाउँपालिकाको वारीबेनीदेखि मल्लाज जोड्ने सडक आयोजनाको काम सम्झौता अवधिभन्दा एक महिनाअघिनै सकिएको हो । जलजला र गण्डकी प्रदेश सरकारकोसाझेदारीमावारीबेनीदेखि मल्लाजको माइलडाँडासम्मको सडक ढलान गर्ने काम निर्धारित समयभन्दा अगाडि नै सम्पन्न भएको छ । वारीबेनी-मल्लाज सडकको ग्रेड र घुम्ती सुधार, ढलान, नाली, ग्याबियन र मेसिनरी पर्खाल निर्माण गर्न ती दुई निकायले रु एक/एक करोड बिनियोजन गरेका थिए । कालिका इन्फ्रास्ट्रक्चर प्रालिले रु एक करोड १५ लाखमा ठेक्का पाएको यो सडक निर्माण सकिएको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । विभिन्न ठाउँमा चार सय सात मिटर सडक ढलान र नाली निर्माण भएको इन्जिनियर सुनल बानियाँले बताउनुभयो । मेसिनरी र ग्याबियन पर्खाल बनाएर सडकको ग्रेड तथा मोड सुधार गरिएको हो । यही बैशाख २५ गतेसम्म सम्झौताको म्याद थियो । म्याद सकिनुभन्दा एक महिनाअघिनै निर्माण व्यवसायीले काम सकेका छन् । पर्याप्त मजदुर, उपकरण परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यअघिनै सडक निर्माण गरेको निर्माण कम्पनीका सञ्चालक विप्लप हमालले जानकारी दिनुभयो । धेरै विकास आयोजना ढिलासुस्तीले अलपत्र र बेवारिसे बनेको अवस्थामा वारीबेनी मल्लाज सडक भने लक्ष्यअघिनै सकिएको छ । तीन किलोमिटर दूरीको वारीबेनी मल्लाज सडकको अप्ठ्यारो अधिकांश ठाउँमा ढलान भएपछि यात्रा सहज भएको फट्केढुङ्गाका भगवान जिसीले बताउनुभयो । यो सडक जलजलाको १, २, ३, ४, ५ नम्बर वडाका साथै म्याग्दीको अन्नपूर्ण गाउँपालिका ८ राम्चे, नागीका बासिन्दाले प्रयोग गर्दै आएका छन् । मल्लाजको भुरुतुलादेखि मल्लाज हुँदै लेकफाँट जोड्ने सडक सङ्घीय सरकारको सडक डिभिजन र फट्केढुङ्गाको दोवदोवेदेखि मल्लाजसम्म सडक सहरी विकास कार्यालयमार्फत स्तरोन्नतिको काम भइरहेको छ । सङ्घीय सरकारको रणनीतिक महत्वका सडक कार्यक्रम मार्फत मल्लाज-लेकफाँट सडक स्तरोन्नति गर्न रु ३७ करोडमा ठेक्का पाएको रायमाझी कन्ट्रसन प्रालिले प्रारम्भिक चरणको कामलाई तीव्रता दिएको छ ।

मल्लाजको भुरुतुलाको डिलदेखि लेकफाँटसम्म करिब १० किलोमिटर सडक सात मिटर चौडाइका दरले कालोपत्र र ढलानका साथै नाली, पर्खाल निर्माण गर्ने, घुम्ती तथा ग्रेड सुधार गर्ने काम भइरहेको उपाध्यक्ष आचार्यले बताउनुभयो । यसैगरी सहरी विकास कार्यालय बागलुङमार्फत दोवदोवेदेखि मल्लाज हुँदै बाँसखर्कको सिमानासम्मको पाँच किलोमिटर सडक स्तरोन्नति गर्न ठेक्का पाएको निर्माण कम्पनीले पनि सडक विस्तारको प्रारम्भिक चरणको काम गरिरहेको छ । यो सडकलाई पनि पाँच मिटर चौडाइका दरले कालोपत्र गर्ने योजना छ । केही दिनयता भने सडक निर्माणको काम सुस्ताएको मल्लाजका बासिन्दाले बताएका छन् । उक्त सडक खण्डको आइतबार पालिकाका उपाध्यक्ष आचार्यको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत कुशल सुवेदी, इन्जिनियर सुनिल बानियाँलगायतको टोलीले अनुगमन गरेको छ ।

# आलु महोत्सवमा पाँच करोडको आलु बिक्री

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

आलु गाउँको नामले परिचित हेमजा आलु महोत्सव रु पाँच करोड बराबरको कारोबार गर्दै सम्पन्न भएको छ ।

गत चैत २६ गतेदेखि सुरुआत भएको ११ औं संस्करणको राष्ट्रिय हेमजा महोत्सवमा ८० टन आलु बिक्री हुँदा रु पाँच करोडको कारोबार भएको हो । हेमजाको आलु छिटो पाक्ने, विषादी कम प्रयोग हुने तथा स्वादिष्ट रहेकाले त्यहाँ उत्पादित आलुको माग उच्च हुने गरेको महोत्सवको कृषक परिचालन उपसमितिका संयोजक जयराम तिमिल्सिनाले जानकारी दिनुभयो । आइतबार सम्पन्न महोत्सव समापन समारोहमा कृषक सम्मान, कृषक परिचयपत्र वितरण, कृषि एम्बुलेन्स प्रदर्शनीलगायत विभिन्न पुरस्कार वितरण गरिएको छ । पोखरा महानगरपालिका कृषि तथा पशु विकास महाशाखाको समन्वयमा विभिन्न वडाका उत्कृष्ट २४ किसानलाई सम्मानपत्रसहित नगदले सम्मान गरिएको हो । त्यस्तै हेमजाका किसान देवीराम पौडेल, अमृत पौडेल, वीरबहादुर कार्की, सुनिता श्रेष्ठ, शीलशोभा नेपाली र निरज तिमिल्सिना साथै शिक्षासेवीद्वय चर्तुमान श्रेष्ठ र टासी फुन्चोक पनि सम्मानित हुनुभयो । त्यस्तै सो अवसरमा शाखाले किसान परिचयपत्र पनि वितरण गरिएको थियो । सो अवसरमा पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले क्लबले साह्रानीय कार्य गरेको चर्चा गर्नुहुँदै आगामी वर्षदेखि आलु महोत्सवलाई रातो किताबमा नै व्यवस्था गरी रकम विनियोजन गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले एक वडा एक उत्पादन गर्ने उद्देश्यका साथ महानगर अगाडि बढिरहेको छ जनाउँदै कृषिलाई आयआर्जनसँग जोडे मात्रै समृद्धि हासिल हुनसक्ने पनि औँल्याउनुभयो । क्लबको बहुउद्देश्यीय भवन निर्माणमा पनि महानगर सहयोग गर्न तत्पर रहेको पनि उहाँले स्पष्ट पार्नुभयो । पोखरा-२५ हेमजाका वडाध्यक्ष एवं महानगरपालिकाका प्रवक्ता मोतिलाल तिम्सिनाले आलु महोत्सवको चर्चा देश विदेशमा हुने गरेकोमा खुसी व्यक्त गर्दै योसँगै हेमजाको इज्जत बढेको स्पष्ट पार्नुभयो । प्रवक्ता तिम्सिनाले महोत्सवका महानगरको कृषि महाशाखाको भूमिका प्रशंसनीय रहेको पनि जनाउनुभयो । कृषि अनुसन्धान निर्देशनालय लुम्लेका निर्देशक डा कालिकाप्रसाद उपाध्यायले हेमजामा लगाइने एमएस् ४२ जातको आलु उन्मोचनमा निर्देशनालयको भूमिका महत्वपूर्ण रहेको स्मरण गर्दै आलु उत्पादन गर्ने क्षेत्र घट्दै जानु दुःखद् भएको औँल्याउनुभयो । त्यस अवसरमा पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरिया, विष्णुपादुका माविका अध्यक्ष कृष्ण नेपाली, महिला सञ्जाल हेमजा अध्यक्ष रमा त्रिपाठी, मानव सेवा आश्रमका अभियानता मदन थापा, कृषि सञ्जालका अध्यक्ष राजेन्द्र कार्कीलगायतले पनि धारणा राख्नुभयो । महोत्सवमा करिब रु पाँच करोडका कारोबार भएको छ । आलु मात्रै ८० टन बिक्री भएको छ । हेमजाको आल छिटो पाक्ने, विषादी कम प्रयोग हुने तथा स्वादिष्ट रहेकाले त्यहाँ उत्पादित आलुको माग उच्च हुने गरेको कृषक परिचालन उपसमितिका संयोजक जयराम तिमिल्सिनाले जानकारी दिनुभयो । महोत्सवकै अवसरमा भएका रत्यौली गीत, झाँकी प्रदर्शनीलगायका सहभागीलाई क्लबले सम्मान गरेको छ । त्यस्तै प्रत्येक आमा समूहलाई दुई वटाका दरले कर्चीसमेत प्रदान गरिएको छ । महोत्सवअन्तर्गत आलु तथा ताजा तरकारीको बृहत् प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोट विरुवाको परीक्षण तथा रोगको निदान, कृषिसम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषिउपज, बीउबिजन तथा अन्य कृषियन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कारलगायतका कार्यक्रम गरिएको हो । मूल समारोह समितिका अध्यक्ष सुबिन श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सांस्कृतिक उपसमिति संयोजक दानबहादुर थापाले स्वागत तथा महासचिव वसन्तकुमार श्रेष्ठ तथा उद्घोषक नेत्रपाणि बास्तोलाले कार्यक्रम सञ्चालन गर्नुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं.-२१, ढावाको गैरा पहिरो नियन्त्रण का लागि कार्य गर्दा निम्नानुसारको आम्दानी खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : ढावाको गैरा पहिरो नियन्त्रण
**वडा** : पोखरा-२१
**योजना सम्झौता मिति** : २०७९ चैत्र १४ गते
**योजना सुरू भएको मिति** : २०७९ चैत्र १५
**योजना सम्पन्न मिति** : २०८० जेठ मसान्त
**योजनाको कुल लागत** : रु. ७०५१५९/५५
**महानगरबाट प्राप्त** : रु. ६३४६४३/५९
**जनसहभागिता** : रु. ७०,५१५/९५
**उपभोक्ता समिति**
अध्यक्ष : फणिन्द्रराज रेग्मी
उपाध्यक्ष : गीतादेवी पौडेल
सचिव : लक्ष्मी रेग्मी
कोषाध्यक्ष : अन्जना रेग्मी
सदस्यहरु : अनिषा कुमाल र हरि कुमाल
अनुगमन समिति संयोजक :भागिरथ पौडेल
सदस्यहरु : पूर्णदिप सिग्देल, हरिप्रसाद पोखरेल रप्रमिला सुवेदी

**ढावाको गैरा पहिरो नियन्त्रण उपभोक्ता समिति**
पोखरा-२१, फुसेखोला


# म्याग्दीमा आगलागीबाट ७० हेक्टर वन क्षेत्र क्षति

पोखरापत्र संवाददाता
म्याग्दी, ४ बैशाख

वैशाख महिना सुरु भएपछि म्याग्दीको विभिन्न ठाउँका जङ्गलमा भएको आगलागीले ७० हेक्टर वन क्षेत्रमा क्षति पुऱ्याएको छ ।

आइतबार दिउँसोदेखि जिल्लाको बेनी नगरपालिका-३ भकिम्लीको गजुरे सामुदायिक वनमा लागेको भीषण आगलागी सोमबार बिहानसम्म पनि नियन्त्रणमा लिन सकिएको छैन । यसैगरी गत शुक्रबारदेखि बेनी -२ ज्यामरूककोटको सल्लेरी र अर्धुङ्गे सामादायिक वनमा भएको आगलागी नियन्त्रणमा आएको जिल्ला वन डिभिजन कार्यालय म्याग्दीले जनाएको छ । गजुरे वनको आगलागी बस्तीमा पस्ने त्रासमा गाउँलेले नियन्त्रणमा जुटेका छन् । आगलागी हल्लेगौडा, पोलधारा, सल्देनालागायतका बस्ती आसपासका क्षेत्रमा पुगेको जनाइएको छ । प्रतिकूल मौसमका कारण आइतबार दिउँसो केहीबेर नियन्त्रणमा रहेको आगलागी साँझपख नियन्त्रण बाहिर गएको बेनी नगरपालिका-३ भकिम्लीका वडाध्यक्ष पदम पुनले बताउनुभयो । "अहिलेसम्म गजुरे सामुदायिक वनको कम्तीमा



१२ हेक्टर क्षेत्रफल आगलागीले ध्वस्त बनाएको छ, बस्तीमा पुग्न नदिन गाउँले नियन्त्रणमा जुटेका छन्", उहाँले भन्नुभयो । आगलागीबाट जोखिममा रहेको बस्ती आसपासको क्षेत्रमा घरेलु औजारसहितटोलीपुगेकोवडाध्यक्ष पुनले बताउनुभयो ।

"मानवीय क्षति हुनबाट जोगाउने प्रयासमा छौँ, सामान्य अवस्थामा आगलागीलाई नियन्त्रण गर्न सकिने अवस्था छैन", उहाँले भन्नुभयो । घरेलु सामग्रीको भरमामात्र नियन्त्रणमा कठिन भएको वडाध्यक्ष पुनले जानकारी दिनुभयो ।

डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख मनोज रानाभाटले आगलागी क्षेत्रमा कर्मचारी पठाइए पनि भिरालो जमिन भएकाले निभाउन जान कठिन भएको बताउनुभयो "सुक्खा र भिर भएकाले पनि सहजै निभाउन सकिएको छैन । भिरका कारण मानवीय जोखिमलाई ध्यान दिन अनुरोध गरेका छौँ", उहाँले भन्नुभयो ।

आगो कसले र किन लगाएको भन्नेबारे पनि नखुलेको स्थानीयको भनाइ छ । गाउँलेले बस्तीमा आगो पस्ने त्रासले बस्ती आसपासका क्षेत्रमा अग्निरेखा बनाउन जुटेका छन् । उक्त सामुदायिक वनमा बाँदर, खरायो, मृगलगायतका जनावर र चराचुरुङ्गीको वासस्थान थियो । सुकेका रुखका मुढाका कारण आगो लामो समय रहिरहेको छ । आइतबार दिउँसो सामान्य वर्ष भएको अवस्थामा आगो नियन्त्रणको अनुमान गरिएको थियो । यसैबीच यस वर्ष जिल्लाभर करिब ७० हेक्टर क्षेत्रफलमा आगलागी भएको सो कार्यालयले जनाएको छ । कति क्षेत्रफलमा आगलागी भयो र त्यसले कति क्षति भयो भन्ने विवरण सङ्कलनको काम चलिरहेको जनाउँदै उहाँले बुधबारसम्ममा सबै यकिन हुने जानकारी दिनुभयो । आगलागीमा संलग्न जो कोहीलाई पनि वन ऐन, २०७६ अनुसार कारबाही गरिने पनि रानाभाटले बताउनुभयो ।

आगलागीका कारण वातावरण धुवाँमय बन्दा वायु प्रदूषण ह्वात्तै बढेको छ । तुवाँलो लागेजस्तै गरी बिहानैदेखि धुवाँ फैलिँदा नजिकैको दूरीमा पनि देख्न समस्या भइरहेको छ भने आकाश मार्गसमेत प्रभावित भएको छ । घरबाट बाहिर निस्किँदा धुवाँको गन्ध सहजै अनुभूति गर्न सकिने अवस्था छ भने कतिपयले आँखा पोल्ने समस्या आएको पनि बताएका छन् । स्वास्थ्यका दृष्टिले पनि यो अवस्था हानिकारक हुने बेनी अस्पतालका चिकित्सक खगराज निउरे बताउनुहुन्छ । धुवाँले हावाको गुणस्तर घटाउने भएकाले श्वासप्रश्वासमा कठिनाइ आउनुका साथै दम वा क्रोनिकब्रोन्काइटि जस्ता समस्या आएका उहाँको भनाइ छ ।

# जिरकोटमा शैक्षिक सुधारका लागि विद्यालय गाभिए

पोखरापत्र संवाददाता
गोरखा, ४ बैशाख

अजिरकोट गाउँपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय समायोजन र योग्यताका आधारमा विद्यालयमा प्रधानाध्यापक नियुक्त गरेको छ । गाउँपालिकाले सामुदायिक विद्यालयमा विद्यार्थीको आर्कषण बढाउन तथा विद्यालयको खस्किँदो शैक्षिक अवस्था सुधारका लागि पालिकाभित्रका पाँच विद्यालय एकैमा गाभेको गाउँपालिका अध्यक्ष दीपक देवकोटाले जानकारी दिनुभयो ।

"गाउँपालिकाले पनि शिक्षा क्षेत्रमा ठूलो धनराशी खर्च गरेको हुन्छ", उहाँले भन्नुभयो, "राज्यले लगानी गरिसकेपछि शैक्षिक गुणस्तर राम्रो हुनुपर्छ, सामुदायिक विद्यालय राम्रो बनाउन मुख्य कुरा विद्यालयको नेतृत्व राम्रो हुनपर्ने तथा आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्छ भन्ने उद्देश्यका साथ नीति बनाएर विद्यालय गाभेर र योग्यताका आधारमा प्रधानाध्यापक नियुक्त गरिएको हो ।" सामुदायिक विद्यालयप्रति अभिभावक र बालबालिकामा समेत विश्वास नहुँदा गाउँबाट शहरमा बसाइँ सर्नेको सङ्ख्या बढ्दो रहेको भन्दै गाउँका सामुदायिक विद्यालयलाई तीव्र गतिमा प्रशासनिक, शैक्षिक, भौतिक तथा अतिरिक्त क्रियाकलापमा सुधार गर्न क्रमबद्ध ढङ्गबाट गाउँपालिकाले काम थालनी गरिसकेको अध्यक्ष देवकोटाको भनाइ छ । "गाउँबाट सहरमा बसाइँ सर्ने मानिसको सङ्ख्या बढ्दो छ", उहाँले भन्नुभयो, "आमजनताको सामुदायिक विद्यालयप्रति आर्कषण बढाउन ठोस कार्यक्रम नै बनाएर अघि बढ्नुको कुनै विकल्प छैन, त्यसका लागि हामीले थालनी गरेका छौँ ।" अध्यक्ष देवकोटाले शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालयको प्रशासनिक क्षेत्रको सुधारसँगै विद्यालयको भौतिक पूर्वाधारको विकास पनि अनिवार्य भएकाले गाउँपालिकाले त्यसतर्फसमेत योजना निर्माण गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाभित्रका अभिभावक र बालबालिकाको मन जित्ने गरी शैक्षिक क्षेत्रको विकास गर्न गाउँपालिका प्रतिबद्ध भएर लागेको छ ।" अध्यक्ष देवकोटाले पालिकाभित्रका २८ मध्ये पाँच आधारभूत विद्यालयलाई गाभेको बताउनुभयो । "विद्यार्थी सङ्ख्या कम हुने शिक्षक धेरै हुने, विद्यार्थी कम हुँदा भन्नै निगरानी पनि कम हुने अवस्था सामुदायिक विद्यालयमा छ", उहाँले भन्नुभयो, "कम विद्यार्थी भएका विद्यालयका विद्यार्थीलाई बढी विद्यार्थी भएका विद्यालयमा सार्दा व्यवस्थापन पनि प्रभावकारी ढङ्गबाट गर्न सकिने र अभिभावकको पनि बढी चासो हुने ठाउँमा सार्दा शैक्षिक प्रगति गर्न सकिन्छ, शैक्षिक सेवा प्रवाहलाई सहजीकरण र सरलीकरण गर्न सजिलो हुन्छ भनेर विद्यालय गाभिएको हो ।" उहाँले सामुदायिक विद्यालयलाई व्यवस्थित गरेर सञ्चालन गर्दा गाउँपालिकाले दिने सेवा सुविधालाई पनि व्यवस्थित र उपलब्धि देखिने गरी लगानी गर्ने वातावरण तयार हुने बताउनुभयो । अध्यक्ष देवकोटाले गाउँपालिकाले विद्यालय समयोजनसँगै पालिकाभित्रका विद्यालयमा दरबन्दी मिलान तथा योग्यताका आधारमा प्रधानाध्यापक नियुक्त गरिसकेको जानकारी दिनुभयो । उहाँले विद्यालयको नेतृत्व सबल भएपछि मात्र विद्यालयका सबै क्षेत्रको विकास गर्न सकिने भएकाले सबल र सक्षम नेतृत्वका छनोट गरी विद्यालयको नेतृत्व गर्न पठाइएको बताउनुभयो ।